# नेवाः देय् दबू प्रदेश समिति गठन तथा संचालन कार्यविधि ११३८

## प्रस्तावना,

नेवाः देय् दबूको चितवनमा मिति २०७३ बैशाख १९ गते सम्पन्न विधान अधिवेशनद्वारा पारित विधानको परिच्छेद ११ दफा ४६ मा " नेपालको संविधान बमोजिम प्रादेशिक संचरता लागू भएपछि केन्द्रीय समितिले नियमावली तर्जुमा गरी प्रदेश कार्य समिति गठन गर्न सकिनेछ " भनी व्यवस्था भए बमोजिम मुलुकमा तिनै तहको निर्वाचन सम्पन्न भई पूर्ण संघीयता लागू भइसेकेको हुँदा संस्थाको प्रदेश समिति गठन गर्न आवश्यक भएकोले सो समिति गठन र कार्य संचालन गर्न यो नियमावली बनाई केन्द्रीय समितिको दैलेखमा मिति २०७५ जेष्ठ १ गतेको बैठकले पारित गरी लागू गरिएको छ ।

## १ संक्षिप्त नाम र प्रारम्भ :

क) यो नियमावली **"नेवाः देय् दबू प्रदेश समिति गठन तथा संचालन कार्यविधि ११३८"** रहने छ ।

## २ प्रदेश समितिको कार्यालय :

क) यस समितिले आफ्नो प्रदेशको कुनै जिल्लामा कार्यालय खोल्न सक्नेछ । यसको जानकारी नेवाः देय् दबू केन्द्रिय कार्यालय र स्थानीय अधिकारीलाई पठाउनु पर्नेछ ।

## ३ प्रदेश समितिको गठन :

संस्थाको विधानमा व्यवस्था नभए सम्मका लागी निम्म बमोजिमको पदाधिकारी र सदस्यहरु रहने गरी अध्यक्षको प्रस्तावमा केन्द्रीय समितिले अनुमोदन गरी प्रदेश समिति गठन गरिनेछ ।

१ संयोजक - १

२ सह-संयोजक - २

३ सचिव - १

४ कोषाध्यक्ष -१

५ सदस्य - आवश्यकता अनुसार (कम्तीमा एक जिल्ला एक प्रतिनिधित्व रहने गरी)

६ सम्बन्धित प्रदेशबाट केन्द्रीय समितिमा प्रतिनिधित्व गर्ने उपाध्यक्ष यस समितिको इन्चार्ज र सदस्य सह-इन्चार्ज हुनेछ ।

## ४ प्रदेश समितिको काम, कर्तव्य र अधिकार :

क) संस्थाको उद्धेश्य प्राप्तिको लागी आवश्यक पर्ने विषयहरुमा नीतिगत निर्णयहरु गर्ने ।

ख) प्रदेश समितिको बार्षिक प्रतिवेदन तयार गर्ने ।

ग) राष्ट्रिय अधिवेशन, राष्ट्रिय परिषदको बैठकलले पारीत गरेको निर्णयहरु कार्यान्वयन गर्ने ।

घ) संस्थाको उद्धेश्य प्राप्तिको लागी सरकारी, गैरसरकारी तथा अन्तराष्ट्रिय दातृसंस्थाहरुसंग सम्पर्क, सल्लाह तथा सुझाव दिने ।

ङ) नेवाः देय् दबूमा आवद्ध प्रदेश भित्रका सदस्य संघसंस्थाहरुको गतिविधिहरु निरिक्षण, अनुगमन, समन्वय् गर्ने

च) प्रदेश भित्रका स्थानीय तह, जिल्ला समितिहरुको अभिलेख राख्ने ।

छ) प्रदेश भित्रका विभाग, भातृसंगठन/विषयगत समिति, जातीय संगठनहरुसंग सम्पर्क र निरन्तर समन्वय् गर्ने

ज) आवश्यकता अनुसार समिति, उपसमिति, विभागको गठन गरी अधिकार प्रत्यायोजन गर्ने

झ) प्रदेश समितिको दैनिक कार्य सम्पादन गर्न पदाधिकारीहरु सहितको बढीमा ७ जनाको सचिवलाय गठन गर्ने।

ञ) आवश्यकता अनुसार नेवाः बुद्धिजीवी, विशिष्ट व्यक्तित्वहरु मध्येबाट सल्लाहकार नियुक्ति गर्ने ।

ट) आवश्यकता अनुसार कर्मचारी दरवन्दि सृजना गरी नियुक्ति र खारेज गर्ने ।

ठ) लेखा अध्यावधिक राख्ने

ड) प्रत्येक बर्ष आन्तरिक लेखा परिक्षण गर्ने गराउने सोको प्रतिवेदन केन्द्रमा पठाउने

ढ) नेवाः देय् दबूको विधानमा भए बमोजिम अन्य कार्य गर्ने गराउने

ण) केन्द्रीय समितिको नीति निर्देशन कार्यान्वयन गर्ने गराउने

**४ प्रदेश समितिको वैठक :**

क) प्रदेश समितिको बैठक प्रत्येक ३ महिना बस्नुपर्ने ।

ख) सम्बन्धित प्रदेशबाट केन्द्रीय समितिका पदाधिकारी तथा सदस्यहरुलाई आमन्त्रित गर्नु पर्नेछ ।

**५ इन्चार्ज तथा सह-इन्चार्जको काम, कर्तव्य र अधिकार**

क) प्रदेश समितिलाई आवश्यक सल्लाह सुझाव र परामर्श दिने ।

ख) केन्द्रीय समितिको नीति निर्देशन कार्यान्वय एवं पालन गराउने ।

ग) केन्द्र र प्रदेशमा भएको विभिन्न कार्यक्रम तथा गतिविधिहरुको सुचना आदान प्रदान गर्ने ।

घ) प्रदेशको बैठकमा आतिथ्यता ग्रहण गर्ने ।

**६ संयोजकको काम, कर्तव्य र अधिकार :**

क) प्रदेश समितिले आयोजना गरेका बैठक तथा अन्य कार्यक्रमहरुको अध्यक्षता गर्ने ।

ख) बैठकमा बराबर मत भएमा निर्णायक मत दिने ।

ग) प्रदेश समिति स्तरीय बैठकमा पेश गरिने प्रस्तावहरु तयार गर्ने तथा पारित निर्णयहरु कार्यान्वयन गर्ने, गराउने ।

घ) नेवाः देय् दबूसँग आबद्ध प्रदेश भित्रका जिल्ला समिति, नगरपालिका समिति, गाउँपालिका समिति, वडा समिति तथा सदस्य संघ/संस्थाहरुको सुपरिवेक्षण गरी आवश्यक परामर्श लिने दिने

ङ) संस्थाको काम कार्वाही सम्बन्धी आवश्यकता अनसुार संघसंस्था वा निकायहरुमा संस्थाको तर्फबाट प्रतिनिधित्व गर्ने, गराउने

च) संस्थाको चल अचल सम्पत्तिको रेखदेख, नियन्त्रण तथा संरक्षण गर्ने, गराउने

छ) समितिको बैठक नबसेको अवस्थामा अपर्झट कुनै कार्य गर्न आवश्यक देखिएमा उक्त कार्य नभएमा संस्थालाई हानी नोक्सानी हुने भएमा सोकार्य गरी आगामी बैठकमा अनुमोदनको लागी पेश गर्ने

ज) आदिवासी जनजातिहरुका माग पूरा गराउन आवश्यक पहल गर्ने ।

**७ सह-संयोजकको काम, कर्तव्य र अधिकार :**

क) संयोजकको अनुपस्थितिमा संयोजकले गर्ने सम्पूर्ण काम गर्ने ।

ख) प्रदेश समितिबाट तोकिएको जिम्मेवारी पूरा गर्ने, गराउने ।

ग) संयोजकले दिएको काम कार्वाही तथा जिम्मेवरी जवाफदेही पूर्वक बहन गर्ने ।

घ) अन्य तोकिएको कार्यहरु गर्ने ।

**८ सचिवको काम, कर्तव्य र अधिकार :**

क) संयोजकको निर्देशनमा समितिको बैठक, भेला बोलाउने

ख) कार्य समितिबाट पारित भएका निर्णयहरु कार्यान्वयन गर्ने, गराउने ।

ग) समितिको बैठक कार्य सूची तयार गर्ने, सूचना निकाल्ने, बैठक निर्णय अभिलेखन गर्ने र निर्णयहरु कार्य समितिमा पठाउने ।

घ) प्रदेश समितिको तर्फबाट बार्षिक प्रगति प्रतिवेदन र आगामी बर्षको कार्यक्रमहरु निर्णयार्थ पेश गर्ने ।

ङ) चौमासिक प्रगति प्रतिवेदन केन्द्रीय समितिमा पठाउने

च) प्रदेश समितिको प्रशासनिक तथा दैनिक कार्य संचालन गर्ने ।

छ) अन्य तोकिएको कार्यहरु गर्ने ।

**९ कोषाध्यक्षको काम, कर्तव्य र अधिकार :**

क) संस्थाको आर्थिक कारोबार सम्बन्धी जिम्मा लिने

ख) संस्थाको उद्देश्य प्राप्तिका लागी उपयुक्त लेखा पुस्तिका नियमानुसार दुरुस्त राख्ने, राख्न लगाउने

ग) प्रदेश समितिको तर्फबाट प्रदेश अधिवेशनमा प्रदेश समितिको बार्षिक आर्थिक प्रतिवेदन, लेखा परीक्षण प्रतिवेदन र अगामी आर्थिक वर्षको प्रस्तावित वजेट पेश गर्ने

घ) संस्थाको कोषमा वृद्धि गर्ने तर्फ सदैव प्रयत्नशील रहने ।

ङ) आन्तरिक तथा अन्तिम लेखापरीक्षण कार्य गराउने ।

च) संस्थाको स्वामित्वमा रहेको चल अचल सम्पत्तिको जिन्सी खाता अध्यावधिक रुपमा राख्ने राख्न लगाउने ।

छ) संस्थाको दैनिक आर्थिक कारोवार सम्बन्धी सम्पूर्ण कार्य सम्पादन गर्ने ।

**१० सदस्यहरुको काम, कर्तव्य र अधिकार :**

क) प्रदेश समितिको बैठकमा उपस्थित हुने, छलफल र निर्णयमा भाग लिने ।

ख) प्रदेश समितिको बैठकले दिएको जिम्मेवारी पूरा गर्ने ।

ग) प्रदेश समितिलाई क्रियाशील रुपमा संचालन गर्न सक्रिय भूमिका निर्वाह गर्ने ।

घ) अन्य तोकिएको कार्यहरु गर्ने ।

**११ प्रदेश समितिको आर्थिक व्यवस्था :**

क) संस्थाको नियमावली बमोजिम साधारण सदस्य नविकरण बापत प्राप्त रकम

ख) दाताहरुबाट प्राप्त हुने सहयोग, सरकार, स्थानीय तह र अन्य श्रोतबाट प्राप्त हुने रकम, अनुदान, सहयोग र अन्य संघ/संस्थाबाट प्राप्त सहयोग ।

ग) प्रदेश समितिको निर्णयनुसार स्थानिय बैंङ्क/वित्तिय संस्थामा प्रदेश संयोजक, सचिव समेत बढीमा ३ जनाको संयुक्त हस्ताक्षरमा संचालन गर्ने गरी खाता खोली रकम जम्मा गरिने छ ।

**१२ विघटन :**

क) संस्थाको विधान, नियमावली तथा केन्द्रको नीति निर्देशन विपरीत संस्थालाई हानी नोक्सानी पुऱ्याउने कार्य गर्ने समितलाई पहिलो पटक स्पष्टिकरण लिइनेछ ।

ख) मानशिव स्पष्टिकरण नआएमा, पटक पटक सो कार्य दोहराएमा केन्द्रीय सचिवालयको बैठकलले त्यस्ता समितिलाई निलम्बन गरी विघटनको लागी केन्द्रीय समितिमा प्रस्ताव लानेछ ।